# स्थानीय राजपत्र

मेलम्ची नगरपालिकाद्वारा प्रकाशित

खण्ड ७) असार ३० गते, २०८१ साल) संख्या : १

## भाग-१

## मेलम्ची नगरपालिका सिन्धुपाल्चोक, बागमती प्रदेश, नेपाल

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मेलम्ची नगरपालिकाको नगर सभाले जारी गरेको ऐन**

## मेलम्ची नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको

# आर्थिक ऐन, २०८१

**प्रस्तावना** ः मेलम्ची नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, कर तथा शुल्कको दर घटाउने, बढाउने, कर छुट दिने तथा राजस्व प्रशासन सम्बन्धी कानून बनाउन वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम मेलम्ची नगर सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको को नाम "आर्थिक ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन, २०८१ साल श्रावण १ गते देखि मेलम्ची नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

**२. सम्पत्ति कर** : (१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गामा बनेको भौतिक संरचना (घर) र सो घरले चर्चेको जग्गामा अनुसूची (१) बमोजिम सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ ।

(२) देहायको भौतिक संरचना (घर) मा उपदफा (१) बमोजिमको सम्पत्ति कर लाग्नेछैन :

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको स्वामित्वमा रहेको घर,

(ख) सरकारी अस्पतालको घर,

(ग) गुठीको स्वामित्वमा भएको घर,

(घ) मुनाफाको उद्देश्य नराखी सञ्चालन गरिएको सरकारी शिक्षण संस्था, कम्पनी, समिति, प्राधिकरण, बोर्ड र सरकारी संस्थानको घर,

(ङ) मुनाफाको उद्देश्य नराखी सञ्चालन भएका संघ, संस्थाको घर,

(च) धार्मिक संस्था (मन्दिर, गुम्बा, चर्च, मस्जिद आदि) को घर,

(छ) खानेपानी संकलन पोखरी, विद्युतगृह, मसानघाट, कब्रिस्तान, कर्वला, मजार, विमानस्थल, बसपार्क, रंगशाला, उद्यान, पार्क जस्ता सार्वजनिक उपयोगका लागि निर्माण भएका घर,

(ज) राजदूतावास, वाणिज्य नियोग, कुटनैतिक नियोगका घर ।

(३) उपदफा (१) बमोजिम लगाइने सम्पत्ति करको दर अनुसूची (१) मा उल्लेख भए बमोजिम हुनेछ ।

(४) यस दफा बमोजिम सम्पत्ति कर प्रयोजनको लागि जग्गा र घरको मूल्याङ्कन दर अनुसूची (२) (क) तथा घरको ह्रासकट्टीको दर अनुसूची (३) मा उल्लेख भए बमोजिम हुनेछ।

(५) उपदफा (१) बमोजिम लाग्ने सम्पत्ति कर सोही आ.व.को असोज मसान्त भित्र बुझाएमा १०% छुट प्रदान गरिनेछ ।

(६) उपदफा (१) बमोजिम सम्पत्ति कर नबुझाई बक्यौता रहेमा बक्यौता रहेको पहिलो आ.व. मा २० प्रतिशत र त्यस पछिका वर्षहरुमा क्रमश: ३० प्रतिशत का दरले थप जरिवाना लाग्नेछ ।

(७) बाढी, पहिरो, आगलागी तथा अन्य विपद्बाट पूर्ण क्षति भएका घरहरुको सम्पत्ति करमा सत्प्रतिशत छुट प्रदान गरिनेछ ।

(८) क र ख  वर्गका अपाङ्गता भएका व्यक्तिहरुको नाममा रहेको घरमा लाग्ने सम्पत्ति करमा ५० प्रतिशत छुट प्रदान गरिनेछ ।

(९) बजार क्षेत्र “क” भन्नाले मेलम्ची नगरपालिका वडा नं. ११ स्थित मेलम्ची बजार क्षेत्र र वडा नं १२ स्थित बाहुनेपाटी बजार क्षेत्र भन्ने बुझिन्छ, बजार क्षेत्र “ख” भन्नाले मेलम्ची नगरपालिका वडा नं. १२ स्थित सिन्धुखोला बजार क्षेत्र, वडा नं ६ स्थित तालामाराङ बजार क्षेत्र, वडा नं १ स्थित भोटेचौर बजार क्षेत्र, वडा नं ४ स्थित पिप्ले बजार क्षेत्र र वडा नं ७ स्थित सेल्ले पोखरे बजार क्षेत्र भन्ने बुझिन्छ साथै बजार क्षेत्र (क) र (ख) भन्दा बाहेकका क्षेत्रहरु अन्य क्षेत्र भित्र पर्दछन् ।

**३. मालपोत/भूमि कर** : (१) नगरपालिका क्षेत्रभित्र दफा (२) बमोजिम सम्पत्ति कर लाग्ने बाहेकका अन्य जग्गामा मूल्यको आधारमा मालपोत र भूमिकर लगाइने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम लगाइने मालपोत र भूमिकरको दर अनुसूची (४) मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम लाग्ने मालपोत र भूमिकर सोही आ.व.को असोज मसान्त भित्र बुझाएमा १० प्रतिशत छुट प्रदान गरिनेछ ।

(४) उपदफा (१) बमोजिम मालपोत र भूमिकर नबुझाई बक्यौता रहेमा बक्यौता रहेको पहिलो आ.व. मा २०% र त्यसपछिका वर्षहरुमा क्रमश ३०% का दरले थप जरिवाना लाग्नेछ ।

(५) बाढी, पहिरो तथा अन्य विपद्बाट पूर्ण क्षति भएका जग्गाहरुको मालपोत र भूमिकरमा सत्प्रतिशत छुट प्रदान गरिनेछ ।

(६) क र ख वर्गका अपाङ्गता भएका व्यक्तिहरुको नाममा श्रेस्ता कायम भएको जग्गाको मालपोत/ भूमिकरमा ५० प्रतिशत छुट प्रदान गरिनेछ ।

**४. घर जग्गा बहाल कर** : (१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड

(छुप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिएकोमा वार्षिक बहाल रकममा बहाल कर लगाईने र असूल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिम लगाईने घरजग्गा बहाल करको दर अनुसूची (५) मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम लगाईने बहाल रकम निर्धारण गर्नको लागि नगरपालिकाले घरजग्गा रहेको स्थान तथा संरचनाको प्रकारको आधारमा न्यूनतम बहाल मूल्य तोकी सोही आधारमा बहाल रकम निर्धारण गरी कर लिन सक्नेछ ।

(४) उपदफा (१) बमोजिम घरधनीले घर वा जग्गा बहालमा लगाएमा संस्थागत बहाल कर बाहेक घरधनीले प्राप्त गर्ने बहाल कर आय मध्ये स्वघोषणाको आधारमा नगरपालिकाले कम्तिमा तीन महिनाको बहाल कर लिन सक्नेछ।

(५) उपदफा (१) बमोजिम लगाइने घरजग्गा बहाल करमा सोही आर्थिक वर्षमा तिर्नुपर्ने बहाल कर नतिरेमा पहिलो आर्थिक वर्ष १०%, दोश्रो आर्थिक वर्षमा २०% र बाँकी थप आर्थिक वर्षमा ३०% का दरले जरिवाना लागाइनेछ ।

**५. व्यवसाय कर** : (१) नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक

कारोवारका आधारमा व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम व्यापार, व्यवसाय तथा सेवा सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थालाई व्यवसाय दर्ता गरी व्यवसाय इजाजत प्रदान गरिनेछ । इजाजत प्राप्त व्यवसायीहरुले वार्षिक रुपमा व्यवसाय कर चुक्ता गरी व्यवसाय नवीकरण गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रदान गरिने व्यवसाय इजाजत दस्तुरको दर व्यापार, व्यवसाय तथा सेवा सञ्चालन गर्न लाग्ने लगानीको आधारमा अनुसूची (६) मा तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा (२) बमोजिमको इजाजत विना नगरपालिका क्षेत्रभित्र कुनै पनि व्यापार, व्यवसाय तथा सेवा सञ्चालन गर्न पाईने छैन ।

(५) उपदफा (१) बमोजिम व्यवसाय कर असूली गर्दा बैंक तथा वित्तिय संस्था र सुपर मार्केटहरुलाई प्रत्येक कारोवार स्थलमा अलग अलग इकाई मानी कर असूली गरिनेछ।

(६) यस दफा बमोजिम कर उठाउनको लागि आवश्यक पर्ने कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरी लागू गर्न सक्नेछ ।

(७) उपदफा (२) बमोजिम ज्येष्ठ नागरिक, महिला, अपाङ्गता भएका व्यक्तिको नाममा व्यवसाय दर्ता गर्दा लाग्ने शुल्कमा ५०% छुट दिइनेछ । नवीकरण शुल्कमा भने छुट प्रदान गरिने छैन ।

(८) उपदफा (२) बमोजिम व्यवसाय नवीकरण गर्दा अनुसूचीमा वार्षिक व्यवसाय शुल्क भनि तोकिएको वा निर्धारण गरिएको भन्दा बाहेकको हकमा व्यवसाय नवीकरण गर्दा दर्ता शुल्कको ५०% शुल्क लाग्नेछ ।

(९) उपदफा (२) बमोजिम सोही आर्थिक वर्ष भित्र व्यवसाय नवीकरण नगरेमा व्यवसाय नवीकरण नगरेको पहिलो आर्थिक वर्षमा २०%, दोश्रो आर्थिक वर्षमा ३०% र बाँकी थप आर्थिक वर्षमा ५०% का दरले जरिवाना लागाइनेछ ।

(१०) उपदफा (२) बमोजिम "घ" वर्गको ईजाजत प्रदान गर्दा कार्यविधिमा व्यवस्था भए बमोजिम प्रदान गरिनेछ । चालु आर्थिक वर्षको असोज महिना भित्र ईजाजत नवीकरण गरेमा तोकिएको शुल्क र त्यसपछि असार मसान्तसम्म नवीकरण गर्दा तोकिएको शुल्कको दोब्बर शुल्क लाग्नेछ । सोही आर्थिक वर्ष भित्र ईजाजत नवीकरण नगरेका निर्माण व्यवसायहरुको हकमा इजाजत नवीकरण नगरेको पहिलो आर्थिक वर्षमा २००% र त्यसपछिका वर्षहरुमा थप ३००%

जरिवाना असूल गरी नवीकरण गरिनेछ ।साथै पाँच वर्षसम्म इजाजत नवीकरण नगरेमा खारेज हुनेछ ।

(११) उपदफा (२) बमोजिम दर्ता भएका सबै प्रकारका व्यवसाय र ईजाजत नामसारी, ठाउँसारी तथा खारेजी गर्न सम्बन्धित व्यवसायीले निवेदन दिएमा अनुसूचीमा उल्लिखित शुल्क लिई नामसारी, ठाउँसारी, साझेदार थपघट तथा खारेजी गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर** : (१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेबापत अनुसूची (७) बमोजिम जडिबुटी, कवाडी तथा जीवजन्तु कर लगाइने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमका वस्तुको व्यवसायिक कारोवार गर्ने ब्यक्ति वा संस्थालाई नगरपालिकाले व्यवसाय इजाजत दिंदा कर बुझाउने शर्त र विधि समेत तोकी ईजाजत दिनेछ ।

७. **सवारी साधन कर** : (१) नगरपालिका क्षेत्र भित्रका सवारी साधनमा प्रदेश सरकारले सवारी साधन कर लगाउने र उठाउनेछ । तर टाँगा, रिक्सा, अटोरिक्सा र

विद्युतीय रिक्सा तथा विद्युतीय स्कुटरमा नगरपालिकाले सवारी साधन कर लगाउने र उठाउनेछ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले लगाउने भनी तोकिएका सवारी साधनहरुको दर्ता, नवीकरण र सवारी साधन करको दर अनुसूची (८) बमोजिम हुनेछ ।

(३) प्रदेश सरकारले लगाएको सवारी साधन कर रकमबाट नगरपालिकाले प्राप्त गर्ने हिस्सा प्रचलित संघीय र प्रदेश कानूनमा तोकिए बमोजिम हुनेछ ।

८. **विज्ञापन कर** : (१) नगरपालिका क्षेत्रभित्र हुने विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने साइनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा अनुसूची (९) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

(३) यस दफा बमोजिम नगरपालिकाले उठाएको विज्ञापन कर बापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसँग बाँडफाँड गरिनेछ ।

(४) उपदफा (१) बमोजिम नगरपालिका क्षेत्र भित्र निजी सम्पत्तिको उपयोग गरी कसैले विज्ञापन राख्न चाहेमा

नगरपालिकाको ईजाजत लिई विज्ञापन सामग्री राख्न सक्नेछ ।

(५) उपदफा (१) बमोजिम नगरपालिकाको ईजाजत नलिई गरिएका विज्ञापन सामग्रीहरुलाई नगरपालिकाले कुनै पनि समयमा अग्रिम सूचना बिना हटाउन सक्नेछ ।

९. **मनोरञ्जन कर** : (१) नगरपालिकाले प्रदेश कानूनले तोके बमोजिमका सेवा र क्षेत्रमा सोही कानूनमा तोकिएको दरमा मनोरञ्जन कर लगाई असूल उपर गरिनेछ ।

१०. **बहाल बिटौरी शुल्क** : (१) नगरपालिकाले आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका देहाय बमोजिमका सम्पत्तिहरुमा अनुसूची (१०) बमोजिमको दरमा बहाल बिटौरी शुल्क लगाउन र उठाउन सक्नेछ ।

(क) आफुले निर्माण गरेका वा आफ्नो स्वामित्वमा रहेका भवन, जग्गा वा अन्य सम्पत्ति,

(ख) आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउको जग्गामा भएका अस्थायी टहरा, छाप्रा वा पसल वा आवास,

(ग) नगरपालिकाले तोकेको सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा थापेका पसल,

(२) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिमको सम्पत्तिमा बहाल बिटौरी शुल्क उठाउनका लागि नगर कार्यपालिकाले न्यूनतम दर निर्धारण गरी बोलपत्र वा दरभाउ पत्र वा डाँक बढावढको माध्यमवाट बहालमा दिन सक्नेछ ।

(३) उपदफा (१) को खण्ड (ग) बमोजिमको सम्पत्तिमा बहाल बिटौरी शुल्क उठाउनका लागि नगरपालिकाले त्यस्तो स्थानमा खरीद बिक्री हुने वस्तु तथा सेवा एवं कारोवारको आधारमा तोकेको न्यूनतम बहाल बिटौरी शुल्कको दरमा बोलपत्र वा दरभाउ पत्र वा डाँक बढावढको माध्यमवाट बहाल विटौरीमा दिन सकिनेछ ।

(४) उपदफा (२) र (३) बमोजिम बहाल बिटौरीमा दिंदा शर्त सहित सम्झौता गरी दिनु पर्नेछ ।

**११. पार्किङ्ग शुल्क** : (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र तोकेको पार्किङ्ग स्थलमा सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए बापत पार्किङ्ग गर्ने समयको आधारमा अनुसूची (११) मा उल्लेख भए बमोजिमको दरमा पार्किङ्ग शुल्क लगाइने र असूल उपर गरिनेछ ।

(२) नगरपालिकाले उपदफा (१) बमोजिम तोकेको स्थान बाहेक अन्य स्थानमा सवारी पार्किङ्ग गर्न रोक लगाउन सक्नेछ । तर राजमार्ग तथा सहायक राजमार्गको

सडक अधिकार क्षेत्रभित्र यस दफा बमोजिम सवारी पार्किङ्ग गराइने र शुल्क लगाइने छैन ।

(३) नगरपालिकाले सवारी पार्किङ्ग क्षेत्र निर्धारण गर्दा सवारी आवागमनमा बाधा नपुग्ने गरी ट्राफिक प्रहरी कार्यालय वा सुरक्षा निकायसँगको समन्वयमा गर्नेछ ।

**१२. सेवा शुल्क, दस्तुर** : (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका ट्रेकिङ्ग, बञ्जी जम्प, र्‍याफ्टिङ्ग, प्यारागलाइडिङ्ग लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा अनुसूची (१२) बमोजिम सेवा शुल्क, दस्तुर लगाइने र असूल उपर गरिनेछ ।

तर, सीमा नदी वा अर्को गाउँपालिका वा नगरपालिकाको क्षेत्रलाई समेटेर सञ्चालन हुने सेवा वा व्यवसायमा सेवा शुल्क लगाउँदा सम्बन्धित गाउँपालिका/नगरपालिकासँग समन्वय गरी लगाइनेछ ।

(२) नगरपालिकाले निर्माण वा सञ्चालन तथा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा उपयोग गरे बापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क, दस्तुर लगाइने र असूल उपर गरिनेछ ।

(क) खानेपानी, बिजुली, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह र त्यस्तै अन्य सेवा सुविधा,

(ख) फोहोरमैला व्यबस्थापन, सरसफाई, ढल निकास, सडक बत्ती जस्ता सेवा सुविधा, (फोहोरमैला ब्यवस्थापन कार्य ठेक्काबाट समेत सञ्चालन गर्न सकिनेछ)

(ग) शौचालय, पार्क, स्नानगृह, पौडी पोखरी, व्यायामशाला, गेष्टहाउस, पर्यटकीय स्थल, छात्रावास, हाटबजार, पशु बधशाला, शबदाहगृह, धोवीघाट र त्यस्तै अन्य सुविधा,

(घ) सडक, बसपार्क, ढल, पुल जस्ता सेवा,

(ङ) अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सम्बन्धी सेवा,

(च) नगरपालिकाले प्रदान गर्ने सिफारिस सम्बन्धी कुनै सेवा,

(छ) ऐतिहासिक स्थल, पुरातात्विक स्थल एवं धार्मिक महत्वका सम्पदाको प्रवेश शुल्क ।

तर, ऐतिहासिक स्थल, पुरातात्विक स्थल र धार्मिक महत्वका सम्पदामा प्रवेश गर्दा मेलम्ची नगरवासीहरुलाई यस प्रकरण बमोजिम शुल्क लिन पाइने छैन ।

(३) नगरपालिकाले सहकारी संस्था, एफ.एम. रेडियो, “घ” वर्गको निर्माण व्यबसाय ईजाजत, विद्यालय स्थापना,

टयुसन तथा कोचिङ्ग सेन्टर, औषधि पसल, स्थानीय व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण तथा नियमन आदि सेवामा शुल्क दस्तुर तोकी लगाउने र उठाउनेछ ।

(४) संस्था नविकरण गर्नुपर्ने पहिलो आ.व.मा नवीकरण नगरेमा नवीकरण गर्दा लाग्ने जम्मा राजस्वको २५% र पछिल्ला आ.व.हरुमा समेत नवीकरण नगरेमा जम्मा लाग्ने कूल नवीकरण शुल्कको ५०% थप जरिवाना लाग्नेछ । लगातार ५ वर्षसम्म संस्था नविकरण नगरेमा उक्त संस्था स्वतः खारेज हुनेछ ।अपाङ्गता भएका व्यक्तिहरुबाट संचालित संस्थाको हकमा संस्था नवीकरण सिफारिस शुल्कमा सत प्रतिशत छुट प्रदान गरिनेछ ।

(५) मेलम्ची नगरपालिका भित्र नयाँ घर निर्माण गर्दा घर निर्माण स्वीकृति लिएर मात्र निर्माण कार्य गर्नुपर्नेछ । अस्थायी इजाजत (प्लिन्थ लेभल) लिए पश्चात प्राबिधिकबाट चेकजाँच गरी स्थायी निर्माण स्वीकृति लिनुपर्नेछ र अस्थायी इजाजत लिएको मितिबाट दुई बर्षभित्र निर्माण सम्पन्न प्रमाणपत्र लिईसक्नुपर्नेछ । दुई बर्ष भित्र निर्माण कार्य सम्पन्न गर्न नसकेमा म्याद सकिनु अगावै नियमानुसार नवीकरण दस्तुर तिरी थप दुई बर्षको लागि नक्सा नवीकरण गर्न सकिनेछ । सो म्याद समेत गुज्री ४ वर्ष अवधि पुगेमा नक्सा पास गर्दा

लाग्ने पुरै दस्तुर तिरी पुन नयाँ नक्सा पास गर्नुपर्ने छ ।

(६) उपदफा (५) बमोजिम नक्सा पास भई भुईं तलासम्म सटर भएका भवनलाई आवासीय तथा व्यापारिक भवन मानिने र सो भन्दा माथिल्लो तलामा सटर राखी १५०० वर्ग फिट भन्दा बढी क्षेत्रफल भएका भवनलाई व्यापारिक भवन मानिनेछ ।

(७) बाढी, पहिरो, आगलागी तथा अन्य विपद्बाट पूर्ण क्षति भएका घरहरुको पुनर्निर्माणको नक्सा पास गर्दा लाग्ने दस्तुरमा २५% छुट प्रदान गरिनेछ ।

(८) नगरपालिका घोषणा हुनु भन्दा अगाडि निर्माण सम्पन्न भएका घरहरुको अभिलेखिकरणका लागि सम्बन्धित घरधनीले निवेदन दिएमा संघीय तथा प्रदेश कानूनसंग नबाझिने गरी अनुसूचीमा उल्लिखित दस्तुर लिई सो घरको अभिलेखिकरण गरिनेछ । अभिलेखिकरण दस्तुरको हकमा भवनको प्लिन्थको क्षेत्रफलको आधारमा वर्गिकरण गरिएको तथा साविक स्थानीय निकायमा दर्ता भएका भवनहरुको हकमा उपरोक्त दररेटमा २५% छुट दिइनेछ ।

**१३. बिक्री गर्न सक्ने** : (१) नगरपालिकाले आफ्नो क्षेत्र भित्रको खोलानाला वा अन्य सार्वजनिक स्थलबाट वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय

परिक्षणबाट तोकिएको परिमाणमा ढुंगा, गिटी, बालुवा एवं माटोजन्य वस्तुहरु तथा नक्शा पासको लागि आवश्यक निवेदन फाइल, बोलपत्र वा दरभाउपत्र फाराम, अक्सिजन प्लान्टबाट उत्पादन भएको अक्सिजन आदि अनुसूची (१३) मा उल्लेख भए बमोजिमको दरमा बिक्री गर्नेछ । ढुंगा, गिटी, बालुवा, माटो, दहत्तरबहत्तर जस्ता वस्तुहरुको बिक्री दर प्रदेश तथा संघीय कानूनले तोके बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम ढुंगा, गिटी, बालुवा एवं माटोजन्य वस्तुको बिक्री गर्दा बिक्रीको दर तथा उपलब्ध परिमाणका आधारमा कायम भएको न्यूनतम बिक्री मूल्यमा ठेक्का बढाबढ गरी गर्न सक्नेछ ।

**१४. पर्यटन शुल्क** : नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट कानूनमा तोकिए बमोजिम अनुसूची (१४) अनुसार कर लगाउने र असूल उपर गर्नेछ ।

**१५. सामुदायिक वनबाट आय प्राप्त गर्ने** : (१) नगरपालिका क्षेत्र भित्रका सामुदायिक वन उपभोक्ता समितिले वन पैदावर उपयोग तथा बिक्रीबाट प्राप्त रकमको १० प्रतिशतले हुन आउँने रकम स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ को खण्ड (ख) २ बमोजिम नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ ।

**१६. घरजग्गा रजिष्ट्रेशन शुल्क** : (१) घर जग्गा रजिष्ट्रेशन शुल्क प्रदेश कानूनले तोके बमोजिम लगाइने र उठाईनेछ ।

(२) उपदफा (१) बमोजिम उठेको रकम संघीय र प्रदेश कानून बमोजिम बाँडफाँड गरिनेछ।

(३) घर जग्गा रजिष्ट्रेशन शुल्क उठाउन नगरपालिकामा साधन, स्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म नेपाल सरकारले तोकेको कार्यालय मार्फत उठाईनेछ।

**१७. भाडामा लगाउँन सक्ने** : (१) नगरपालिकाले आफ्नो स्वामित्वमा रहेका भवन, मेसिनरी तथा अन्य सम्पत्तिमा अनुसूची (१५) मा उल्लिखित दरमा भाडामा लगाउन सक्नेछ।

**१८. दण्ड जरिवाना** : (१) नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति, संस्था वा निकायले स्थानीय कानूनको उल्लङ्घन गरेको पाइएमा तथा नगरपालिकाले निर्धारण गरेको कर, शुल्क तथा महसुल तोकिएको समयमा भुक्तानी नगरेमा सम्बन्धित कानूनमा दर तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा अनुसूची (१६) बमोजिम जरिवाना सहित बक्यौता असुल गर्नेछ ।

(२) नगरपालिकाले उपदफा (१) बाहेक प्रचलित कानून पालना नगरेको कसूरमा लगाउने अन्य दण्ड

जरिवाना रकम सम्बन्धित कानूनमा तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम नगरपालिकाले निषेध गरेका कार्य गरेको फेला पारी त्यस्तो कार्य गर्ने फर्म/कम्पनी/संस्था/व्यक्ति र वस्तुलाई नगरपालिका कार्यालयमा बुझाउन सहयोग गरेमा जरिवाना बापत प्राप्त हुने राजस्व रकमको १०% रकम सम्बन्धित सुरक्षा निकाय तथा व्यक्तिलाई प्रोत्साहन स्वरुप प्रदान गरिनेछ ।

**१९. दर घटाउन, बढाउन वा छुट दिन सक्ने** : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि मेलम्ची नगरपालिकाले प्राकृतिक विपद् वा यस्तै विशेष अवस्थामा यस ऐन वा अन्य कानून बमोजिम लगाइने दस्तुर, शुल्क, महशुल र करको दर घटाउन, बढाउन वा त्यस्तो दस्तुर, शुल्क, महशुल र कर आंशिक वा पूर्ण रुपमा छुट दिन सक्नेछ । त्यस्तो दर घटाएको, बढाएको वा छुट दिएको सूचना राजपत्रमा प्रकाशन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम करको दर घटाइएको, बढाइएको वा कुनै दस्तुर, शुल्क, महशुल र कर आंशिक वा पूर्ण रुपमा छुट दिइएको विवरण प्रत्येक वर्ष नगर सभामा पेश गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम दिइएको पूर्ण वा आंशिक कर छुट सुविधाको कसैले दुरुपयोग गरेमा त्यसरी छुट दिइएको दस्तुर, शुल्क, महशुल र कर रकम असूल गरी सो रकम बराबर जरिवाना गरिनेछ ।

(४) उपदफा (१) बमोजिमको कर छुट दिंदा समान अवस्थाका सवै करदातालाई समान व्यवहार गरिनेछ ।

(५) नेपाल सरकार वा प्रदेश सरकारले कुनै परियोजना वा विकास कार्यका लागि खास सामग्री, कारोवारमा कर नलाग्ने व्यवस्था गरेकोमा नगरपालिकाले तत् निकायसँग समन्वय गरी कर छुट सम्बन्धी व्यवस्थाको पालना गर्ने गराउनेछ ।

(६) उपदफा (१) बमोजिम कर तथा गैरकर राजश्व छुट वा मिनाहा दिएको विवरण सभाको बैठक चलेको समयमा सभामा र सभाको बैठक नचलेको समयमा त्यसपछि बस्ने सभाको पहिलो बैठकमा पेश गर्नुपर्नेछ ।

(७) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, कुटनीतिक नियोग, गुठी र लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्थाको सम्पत्ति, वस्तु तथा कारोवारमा यस ऐन , बमोजिमको कर लिईने छैन ।

स्पष्टीकरणः लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्था भन्नाले सामुदायिक अस्पताल तथा स्वास्थ्य केन्द्र, विश्वविद्यालय र सोको आंगिक कलेजहरु, सरकारी वा सामुदायिक विद्यालयहरु, सार्वजनिक पुस्तकालय, वाचनालाय, बालगृह, अनाथाश्रम, वृद्धाश्रम जस्ता सामाजिक संघसंस्था सम्झनु पर्दछ ।

(८) कानूनमा ब्यवस्था भएको अवस्थामा बाहेक नगरपालिकाको कुनै निकाय वा अधिकारीले कुनै प्रकारको कर, शुल्क, महसुल, दण्ड, जरिवाना छुट दिन पाउने छैन ।

तर, स्थानीय आर्थिक कृयाकलापमा उल्लेखनीय योगदान पुऱ्याउने किसिमका उद्योग व्यवसायमा निश्चित अवधीसम्म सभाले बनाएको कानून बमोजिम कर, दस्तुर, शुल्क छुट दिन बाधा पर्ने छैन ।

२०. **प्रशासकीय पुनरावलोकन र पुनरावेदन** : (१) नगरपालिकाले गरेको कर, शुल्क, महसुल, दण्ड, जरिवाना सम्बन्धी निर्णयमा चित्त नबुझेमा करदाताले नगरपालिकामा प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर प्रशासकीय पुनरावलोकनको लागि कार्यपालिकाले प्रमुखको अध्यक्षतामा सम्बन्धित विषय विज्ञ समेत रहने गरी

तीन सदस्यीय राजश्व प्रशासकीय पुनरावलोकन समिति गठन गर्नेछ। यस्तो समितिमा कर निर्धारणमा संलग्न पदाधिकारी वा कर्मचारीको सहभागिता रहनेछैन ।

(३) उपदफा (१) बमोजिम पुनरालोकनको लागि प्राप्त भएको निवेदन उपर पैतिस दिनभित्र छानविन तथा निर्णय गरी सम्वन्धित व्यक्तिलाई निर्णयको जानकारी दिनु पर्नेछ ।

(४) नगरपालिकाले तोकेको समयमा यस दफा बमोजिम प्रशासकिय पुनरावलोकन नगरेकोकारणले करदातालाई थप आर्थिक भार पर्न गई हानी नोक्सानी पर्न गएमा नगरपालिकाले त्यसको क्षतिपुर्ति दिनु पर्नेछ ।

**२१. ठेक्का आह्वान गर्न सक्ने** : (१) यस ऐन , बमोजिम संकलन गर्ने सेवा शुल्क र दस्तुर कार्यपालिकाले आवश्यकता अनुसार एक आर्थिक वर्षको लागि आय ठेक्का बन्दोबस्त गरी संकलन गर्न सक्नेछ ।

तर, आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा दुई वर्षसम्मको लागि एकैपटक ठेक्का बन्दोबस्त गर्न सकिनेछ।

(२) यस दफा बमोजिमको आय ठेक्का दिंदा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति,

फर्म, संस्था वा कम्पनीले मात्र प्रतिस्पर्धा गर्ने गरी व्यवस्था मिलाउनु पर्नेछ ।

(३) नगरपालिकाले सामान्यतया आर्थिक वर्ष शुरु हुनुभन्दा अगावै ठेक्का बन्दोबस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।

(४) नगरपालिकाले कर संकलन गर्न सामान्यतया ठेक्का बन्दोबस्त गरिने छैन । तर जडिबुटी, कवाडी र जीवजन्तुकर तथा विज्ञापन कर संकलन गर्न ठेक्का बन्दोबस्त नै गर्नुपर्ने अवस्थामा कार्यपालिकाको निर्णय गराई ठेक्काबाट संकलन गर्न सकिनेछ ।

(५) यस दफा बमोजिम गरिने आय ठेक्का बन्दोबस्तका लागि मेलम्ची नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७५ र पट्टा, कबुलियत, धरौटी, किस्ता र ठेक्का तोड्ने जस्ता कार्यविधिहरु अर्को व्यवस्था नभएसम्म स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४(संशोधन समेत) र ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७" लाई आधार मानी गरिनेछ ।

२२. **सहयोग गर्नुपर्ने** : संघीय तथा प्रदेश सरकारका कार्यालयहरुले नगरपालिकाको राजश्व असुली कार्यमा आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

२३. **प्रगतिशील कर प्रणाली अवलम्बन गरिने** : नगरपालिकाले करको दर निर्धारण गर्दा गरिब तथा विपन्न वर्गलाई कम बोझ पर्ने गरी प्रगतिशील कर प्रणाली अवलम्बन गर्नुपर्नेछ ।

२४. **कार्यविधि बनाउन सक्ने** : (१) ऐन को उद्देश्य कार्यान्वयन गर्नको लागि नगरपालिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बनेको कार्यविधि वा निर्देशिका नगर कार्यपालिकाबाट स्वीकृत भई सार्वजनिक भए पछि लागु हुनेछ ।

२५. **प्रचलित कानून बमोजिम हुने** : यस ऐन मा उल्लेख गरिएका विषयहरुमा यसै बमोजिम र उल्लेख नगरिएका विषयमा प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।

# अनुसूची-१

## (दफा (२) को उपदफा (३) सँग सम्बन्धित)

## सम्पत्ति करको दर

| क्र.सं. | सम्पत्तिको मूल्य रु. मा | | लाग्ने कर रु. मा |
|---|---|---|---|
| | देखि | सम्म | |
| १ | १ देखि माथि | १००००० | १०० |
| २ | १ देखि माथि | ५००००० | २०० |
| ३ | १ देखि माथि | १०००००० | ३०० |
| ४ | १ देखि माथि | १५००००० | ५०० |
| ५ | १ देखि माथि | २०००००० | ६०० |
| ६ | १ देखि माथि | २५००००० | ७०० |
| ७ | १ देखि माथि | ३०००००० | ८०० |
| ८ | १ देखि माथि | ३५००००० | १००० |
| ९ | १ देखि माथि | ४०००००० | १२०० |
| १० | १ देखि माथि | ४५००००० | १४०० |
| ११ | १ देखि माथि | ५०००००० | १६०० |
| १२ | १ देखि माथि | ६०००००० | १७०० |
| १३ | १ देखि माथि | ८०००००० | १८०० |
| १४ | १ देखि माथि | १००००००० | २००० |
| १५ | १ देखि माथि | ५००००००० | २५०० |
| १६ | १ देखि माथि | १०००००००० | ३००० |
| १७ | १०००००००० देखि माथि | | ४००० |

# अनुसूची - २ (क)
## (दफा २ को उपदफा (४) सँग सम्वन्धित)
## घरको मूल्यांकन दर

| प्रकार | बनोट | उपयोग | मूल्यांकन प्रति वर्ग फिट रु. | | |
|---|---|---|---|---|---|
| | | | बजार क्षेत्र "क" | बजार क्षेत्र "ख" | अन्य क्षेत्र |
| भवन | आर.सि.सि. फ्रेम स्ट्रक्चर | व्यापारिक, औद्योगिक तथा संस्थागत | ३५०० | २५०० | २००० |
| भवन | आर.सि.सि. फ्रेम स्ट्रक्चर | घरायसी | २५०० | २००० | १८०० |
| गोदाम वा अन्य रचना | आर.सि.सि. फ्रेम स्ट्रक्चर | व्यापारिक, औद्योगिक तथा संस्थागत | २५०० | २००० | १८०० |
| भवन | सिमेन्ट वामाटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो भई | व्यापारिक, औद्योगिक तथा संस्थागत | २००० | १८५० | १८०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | आर.सि.सि. छाना | | | | |
| भवन | सिमेन्ट वा माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो भई आर.सि.सि. छाना | घरायसी | २००० | १८५० | १८०० |
| गोदाम वा अन्य संरचना | सिमेन्ट वा माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो भई आर.सि.सि. छाना | व्यापारिक, औद्योगिक तथा संस्थागत | २००० | १८५० | १८०० |
| भवन | सिमेन्ट वा माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो जस्ता/टायलको छाना | व्यापारिक, औद्योगिक तथा संस्थागत | १८०० | १६०० | १५०० |
| भवन | सिमेन्ट वा माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो जस्ता/टायलको छाना | घरायसी | १५०० | १४०० | १२०० |
| गोदाम वा अन्य | सिमेन्ट वा माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो | व्यापारिक, औद्योगिक तथा संस्थागत | १५०० | १४०० | १२०० |

| | | | | | |
|---|---|---|---|---|---|
| संरचना | जस्ता/टायलको छाना | | | | |
| गोदाम वा अन्य संरचना | प्रि फ्याब तथा जस्ताले बनेको भित्ता र टिनको छाना | व्यापारिक, औद्योगिक तथा संस्थागत | १००० | ९०० | ८०० |
| भवन | प्रि फ्याब तथा जस्ताले बनेको भित्ता र टिनको छाना | घरायसी | ७५० | ६५० | ६०० |
| सेड | जस्ता वा टायलको छाना भएको | सबै उपयोग | ५०० | ४५० | ४०० |
| कच्ची घर | कच्ची छाना भएको | सबै उपयोग | १०० | ७५ | ५० |

# अनुसूची–२ (ख)

## (दफा (२) को उपदफा (४) सँग सम्बन्धित)

## जग्गाको न्यूनतम मूल्याङ्कन दर विवरण

**वडा नं. १**

| क्र.सं. | जग्गाको विवरण | प्रति रोपनी दर रु. | | |
|---|---|---|---|---|
| | | घडेरी योग्य | खेती योग्य | पाखो |
| १ | भोटेचौर - काउलेदोभान सडक खण्डको दाँया वायाँको जग्गा (शंखरापुर न.पा.-२ देखि मेलम्ची न.पा.-२ को सिमाना सम्म) | ४०००००० | २४००००० | ८००००० |
| २ | नगर चक्रपथ सडक खण्डको दाँया वायाँको जग्गा (महभिर भञ्याङ्ग ठाँटी) | ३२००००० | २४००००० | ८००००० |
| ३ | वडास्तरीय मुख्य सडक खण्डको दाँया वायाँको जग्गा : | | | |
| (क) | पाटीगाउँ सिन्धुखोला भोटेचौर सडक | १६००००० | ८००००० | ४००००० |
| (ख) | भोटेचौर फुस्रे माटो सडक | १६००००० | ८००००० | ४००००० |

| | | | | |
|---|---|---|---|---|
| (ग) | एक्लेबेंसी ठूलो पिपलबोट जर्केखोला पटाप सडक | १६००००० | ८००००० | ४००००० |
| (घ) | चौकीडाँडा पातालगुफा तपचुली सडक | १६०००००  | ८००००० | ४००००० |
| ४ | वडा स्तरीय शाखा सडक खण्डको दाँया वायाँको जग्गा | १२००००० | ६००००० | ३००००० |
| ५ | गोरेटो बाटोसँग जोडिएको दायाँ बायाँको जग्गा | ५००००० | ४००००० | ३००००० |

**बाटो नभएको अन्य सबै जग्गा**

| क्र.सं. | वडा नं. | जग्गाको विवरण | प्रति रोपनी रु. |
|---|---|---|---|
| १ | मेनपा १ | खेत | २००००० |
| २ | | बारी | १५०००० |
| ३ | | पाखो | १००००० |

## वडा नं.२

| क.सं. | जग्गाको विवरण | प्रति रोपनी दर रु. | | |
|---|---|---|---|---|
| | | घडेरी योग्य | खेती योग्य | पाखो |
| १ | काउले दोभान सडक खण्डको दायाँ बायाँको जग्गा | ३९००००० | २०००००० | ८००००० |
| २ | नगर चक्रपथ सडक खण्डको दायाँ बायाँको जग्गा | ३०००००० | १५००००० | ६००००० |
| ३ | वडास्तरीय मुख्य सडक खण्डको दाँया बायाँको जग्गा : | | | |
| (क) | पँधेराडाँडा महादेवस्थान सडक | १५००००० | ८००००० | ३००००० |
| (ख) | घुम्ती सिम्लेबेंशी महादेवस्थान सडक | १५००००० | ८००००० | ३००००० |
| (ग) | सिम्लाफेद सुँयलछाप मोटरबाटो | १५००००० | १०००००० | ३००००० |
| (घ) | ओखेनी खोला साङताङ टोल सोयलछाप मोटरबाटो | १५००००० | १०००००० | ३००००० |
| (ङ) | साउको मुख खड्केवेंशी खगले सिम्ले सडक | १५००००० | ११००००० | ३००००० |
| (च) | ओखेनी खोला डाँडाघर तपचुली मोटरबाटो | १०००००० | ७००००० | ३००००० |
| (छ) | सिमधारा चियाबगान तपचुली मोटरबाटो | १०००००० | ७००००० | ३००००० |
| ४ | गोरेटो बाटोसँग जोडिएको दायाँ बायाँको जग्गा | ५००००० | ४००००० | ३००००० |

## बाटो नभएको अन्य सबै जग्गा

| क.सं. | वडा नं. | जग्गाको विवरण | प्रति रोपनी रु. |
|---|---|---|---|
| १ | मेनपा २ | खेत | ३००००० |
| २ | | बारी | २००००० |
| ३ | | पाखो | १००००० |

## वडा नं.३

| क.सं. | जग्गाको विवरण | प्रति रोपनी दर रु. | | |
|---|---|---|---|---|
| | | घडेरी योग्य | खेती योग्य | पाखो |
| १ | भोटेचौर काउले दोभान सडक खण्डको दायाँ बायाँको जग्गा | ४०००००० | २०००००० | ८००००० |
| २ | नगर चक्रपथ सोती खोला हैबुङ्ग पाटी भञ्याङ्ग सडक खण्डको दायाँ बायाँको जग्गा | ३०००००० | १५००००० | ५००००० |
| ३ | मध्य पहाडी लोकमार्गको दायाँ बायाँ जोडिएको जग्गा | ३०००००० | १५००००० | ५००००० |

| | | | | |
|---|---|---|---|---|
| ४ | वडास्तरीय सडकसँग जोडिएको दायाँ बायाँको जग्गा | १५00000 | ८00000 | ३00000 |
| ५ | गोरेटो बाटोसँग जोडिएका दायाँ बायाँका जग्गा | ३00000 | २00000 | १00000 |

**बाटो नभएको अन्य सबै जग्गा**

| क्र.सं. | वडा नं. | जग्गाको विवरण | प्रति रोपनी रु. |
|---|---|---|---|
| १ | मेनपा ३ | खेत | २00000 |
| २ | | बारी | १५0000 |
| ३ | | पाखो | १00000 |

**वडा नं.४**

| क्र.सं. | जग्गाको विवरण | प्रति रोपनी दर रु. | | |
|---|---|---|---|---|
| | | घडेरी योग्य | खेती योग्य | पाखो |
| १ | मेलम्ची खानेपानी आयोजना र मध्यपहाडी लोकमार्ग सडकसँग जोडिएका दायाँ बायाँको जग्गा | ४000000 | २000000 | ५00000 |
| २ | नगर चक्रपथसँग जोडिएका दायाँ बायाँको जग्गा | २५00000 | १000000 | ४00000 |

| | | | | |
|---|---|---|---|---|
| ३ | सुन्दरीजल, पाटीभञ्ज्याङ्ग हेलम्बु राजमार्ग दायाँ बायाँको जग्गा | २०००००० | १०००००० | ४००००० |
| ४ | वडा चक्रपथसँग जोडिएका दायाँ बायाँको जग्गा | १५००००० | ५००००० | ३००००० |
| ५ | वडा भित्रका अन्य शाखा सडकसँग जोडिएका दायाँ बायाँको जग्गा | १५००००० | ५००००० | ३००००० |
| ६ | गोरेटो बाटोसँग जोडिएका दायाँ बायाँको जग्गा | ३००००० | २००००० | १००००० |

**बाटो नभएको अन्य सबै जग्गा**

| क्र.सं. | वडा नं. | जग्गाको विवरण | प्रति रोपनी रु. |
|---|---|---|---|
| १ | मेनपा ४ | खेत | २००००० |
| २ | | बारी | १५०००० |
| ३ | | पाखो | १००००० |

## वडा नं. ५

| क्र.सं. | जग्गाको विवरण | प्रति रोपनी दर रु. | | |
|---|---|---|---|---|
| | | घडेरी योग्य | खेती योग्य | पाखो |
| १ | सिन्धु सुरुङ मार्ग (मध्ये पहाडी लोकमार्ग) ले छोएको दायाँ बायाँको जग्गा | ३०००००० | १५००००० | ५००००० |
| २ | भदौरे धुसेनी मेलम्ची मोटरबाटोले छोएका दायाँ बायाँको जग्गा | १५००००० | ५००००० | ३००००० |
| ३ | यस वडाबाट अर्को वडामा जोडिने कच्ची सडकले छोएको दायाँ बायाँको जग्गा | १५००००० | ५००००० | ३००००० |
| ४ | वडा भित्रको शाखा सडकसँग जोडिएको दायाँ बायाँको जग्गा | १०००००० | ४००००० | २००००० |
| ५ | गोरेटो बाटोसँग जोडिएको दायाँ बायाँको जग्गा | ५००००० | ३००००० | १००००० |

## बाटो नभएको अन्य सबै जग्गा

| क्र.सं. | वडा नं. | जग्गाको विवरण | प्रति रोपनी रु. |
|---|---|---|---|
| १ | मेनपा ५ | खेत | ३००००० |
| २ | | बारी | २००००० |
| ३ | | पाखो | १००००० |

## वडा नं.६

| क्र.सं. | जग्गाको विवरण | प्रति रोपनी दर रु. | | |
|---|---|---|---|---|
| | | घडेरी योग्य | खेती योग्य | पाखो |
| १ | हेलम्बु राजमार्ग अन्तर्गत तालामाराङ बजारको सडकले छोएको दायाँ बायाँ जग्गा | ६०००००० | २०००००० | ५००००० |
| २ | हेलम्बु राजमार्ग नुहारखोला देखि तालामाराङ खोलासम्म सडकले छोएको दायाँ बायाँको जग्गा (तालामाराङ वजार क्षेत्र वाहेक) | ४०००००० | १५००००० | ५००००० |

| | | | | |
|---|---|---|---|---|
| ३ | नगर चक्रपथसंग जोडिएका सडक खण्डका दायाँ बायाँको जग्गा | १000000 | ५00000 | ३00000 |
| ४ | वडाका शाखा बाटोसंग जोडिएका दायाँ बायाँको जग्गा | ८00000 | ४00000 | २00000 |
| ५ | गोरेटो बाटोसंग जोडिएका दायाँ बायाँ जग्गा | ५00000 | ३00000 | १00000 |

**बाटो नभएका अन्य सबै जग्गा**

| क्र.सं. | वडा नं. | जग्गाको विवरण | प्रति रोपनी रु. |
|---|---|---|---|
| १ | मेनपा ६ | खेत | ३00000 |
| २ | | बारी | २00000 |
| ३ | | पाखो | १00000 |

## वडा नं. ७

| क.सं. | जग्गाको विवरण | प्रति रोपनी दर रु. | | |
|---|---|---|---|---|
| | | घडेरी योग्य | खेती योग्य | पाखो |
| १ | सेल्ले पोखरे सिमलबोट सडक खण्डको दायाँ बायाँको जग्गा | २०००००० | १०००००० | ५००००० |
| २ | वडा भित्रका अन्य शाखा मोटरबाटोसंग जोडिएको दायाँ बायाँको जग्गा | १५००००० | ५००००० | ३००००० |
| ३ | गोरेटो बाटोले छोएको दायाँ बायाँको जग्गा | ५००००० | ३००००० | १००००० |

**बाटो नभएको अन्य सबै जग्गा**

| क.सं. | वडा नं. | जग्गाको विवरण | प्रति रोपनी रु. |
|---|---|---|---|
| १ | मेनपा ७ | खेत | १५०००० |
| २ | | बारी | १००००० |
| ३ | | पाखो | ५०००० |

## वडा नं. ८

| क्र.सं. | जग्गाको विवरण | प्रति रोपनी दर रु. | | |
|---|---|---|---|---|
| | | घडेरी योग्य | खेती योग्य | पाखो |
| १ | दाउचेत क्यौरानी बाँसखर्क बरुवा सडक खण्डको दायाँ बायाँको जग्गा | १५००००० | १०००००० | ५००००० |
| २ | क्यौरानी लाभगाउँ सडक खण्डको दायाँ बायाँको जग्गा | १५००००० | ६००००० | ३००००० |
| ३ | लाभगाउँ ककनी सडकखण्डको दायाँ बायाँको जग्गा | ८००००० | ४००००० | २००००० |
| ४ | अन्य शाखा मोटरबाटोसंग जोडिएको दायाँ बायाँको जग्गा | ६००००० | ४००००० | २००००० |
| ५ | गोरेटो बाटोले छोएको दायाँ बायाँको जग्गा | ४००००० | ३००००० | १००००० |

**बाटो नभएको अन्य सबै जग्गा**

| क्र.सं. | वडा नं. | जग्गाको विवरण | प्रति रोपनी रु. |
|---|---|---|---|
| १ | मेनपा ८ | खेत | १५०००० |
| २ | | बारी | १००००० |
| ३ | | पाखो | ५०००० |

## वडा नं. ९

| क.सं. | जग्गाको विवरण | प्रति रोपनी दर रु. | | |
|---|---|---|---|---|
| | | घडेरी योग्य | खेती योग्य | पाखो |
| १ | मेलम्ची भोताङ सडक (काफ्ले खोला देखि खाल्डे खोलासम्म) को दायाँ बायाँको जग्गा | २०००००० | ८००००० | ५००००० |
| २ | मेलम्ची ज्यामिरे गोल्मास्थान सडकसंग जोडिएको दायाँ बायाँको जग्गा | १८००००० | ८००००० | ३००००० |
| ३ | गोल्मास्थान मुलखर्क गुफा सडकसंग जोडिएको दायाँ बायाँको जग्गा | १०००००० | ५००००० | १५०००० |
| ४ | वडा स्तरीय शाखा सडकसंग जोडिएका दायाँ बायाँको जग्गा | १०००००० | ३००००० | १५०००० |
| ५ | नगर चक्रपथसंग जोडिएका दायाँ बायाँको जग्गा | १५०००० | ३००००० | १००००० |
| ६ | गोरेटो बाटोसंग जोडिएको दायाँ बायाँको जग्गा | ५००००० | १५०००० | ७०००० |

## बाटो नभएको अन्य सबै जग्गा

| क्र.सं. | वडा नं. | जग्गाको विवरण | प्रति रोपनी रु. |
|---|---|---|---|
| १ | मेनपा ९ | खेत | १५०००० |
| २ | | बारी | १००००० |
| ३ | | पाखो | ५०००० |

वडा नं. १०

| क्र. सं. | जग्गाको विवरण | प्रति रोपनी दर रु. | | |
|---|---|---|---|---|
| | | घडेरी योग्य | खेती योग्य | पाखो |
| १ | मेलम्ची-नवलपुर-चौतारा सडकसंग जोडिएका दायाँ बायाँको जग्गा (मेलम्ची नेवारे खोलासम्म) | ४०००००० | १०००००० | ५००००० |
| २ | ईन्द्रावती करिडोरसंग जोडिएका जग्गाहरु | ३०००००० | १०००००० | ५००००० |
| ३ | मेलम्ची-नवलपुर-चौतारा सडक खण्डको नेवारे खोला देखि ईन्द्रावती गा.पा. को सिमानासम्म जोडिएका दायाँ बायाँकोजग्गा | २५००००० | ५००००० | १५०००० |

| | | | | |
|---|---|---|---|---|
| ४ | मेलम्ची-भोताङ सडक खण्डको मेलम्ची काफ्ले खोला सडकसंग जोडिएका दायाँ बायाँको जग्गाहरु | २५००००० | १०००००० | ५००००० |
| ५ | नगर चक्रपथ खण्डको सञ्जेलटार-साँधखोला-महांकाल खोलासंग जोडिएका जग्गाहरु | २०००००० | ३००००० | १००००० |
| ६ | सिम्ले-रामपुर -ज्यामिरे मुल सडकसंग जोडिएका जग्गाहरु | २०००००० | ५००००० | १५०००० |
| ७ | वडा कार्यालय-बडहरे-अम्बोटे सडकसंग जोडिएका जग्गाहरु | १८००००० | ५००००० | १५०००० |
| ८ | काफ्लेखोला-भुमेस्थान-फलामे सडकसंग जोडिएका जग्गाहरु | १८००००० | ५००००० | १५०००० |
| ९ | संसारे डाँडा-शिखरपुर-जुगे सडकसंग जोडिएका जग्गाहरु | १८००००० | ५००००० | १५०००० |
| १० | १० नं. वडाका अन्य शाखा मोटर बाटोसंग जोडिएका जग्गाहरु | १८००००० | ३००००० | १००००० |
| ११ | गोरेटो बाटोसंग जोडिएका जग्गाहरु | ५००००० | १५०००० | ७०००० |

## बाटो नभएको अन्य सबै जग्गा

| क्र.सं. | वडा नं. | जग्गाको विवरण | प्रति रोपनी रु. |
|---|---|---|---|
| १ | मेनपा १० | खेत | १५0000 |
| २ | | बारी | १00000 |
| ३ | | पाखो | ५0000 |

## वडा नं.११

| क्र.सं. | जग्गाको विवरण | प्रति रोपनी दर रु. | | |
|---|---|---|---|---|
| | | घडेरी योग्य | खेती योग्य | पाखो |
| १ | हेलम्बु राजमार्ग अन्तर्गत मेलम्ची खानेपानी साइट अफिस देखि होटल रिभरसाइटसम्मको सडक खण्डमा जोडिएका दायाँ बायाँका जग्गाहरु | ९000000 | २000000 | ५00000 |
| २ | हेलम्बु राजमार्ग अन्तर्गत खानेपानी साइट अफिस देखि डुँडेखोलासम्मको सडक खण्डको दायाँ बायाँको जग्गा | ६५00000 | १५00000 | ५00000 |

| | | | | |
|---|---|---|---|---|
| ३ | मेलम्ची कटुञ्जे धुसेनी सडकखण्डको मेलम्ची बजार देखि बैनचौरसम्मको सडकमा जोडिएको दायाँ बायाँको जग्गा | ६५००००० | १५००००० | ५००००० |
| ४ | हेलम्बु राजमार्ग अन्तर्गत होटल रिभरसाइट देखि माथि नुहारखोलापुलसम्मको सडक खण्डको दायाँ बायाँको जग्गा | ५०००००० | १०००००० | ५००००० |
| ५ | मेलम्ची प्राथमिक स्वास्थ्य केन्द्र हुँदै कठेरीसम्मको सडकसंग जोडिएको दायाँ बायाँको जग्गा | ३०००००० | १५००००० | ५००००० |
| ६ | मेलम्ची कटुञ्जे धुसेनी सडक खण्ड तर्फ बैनचौर देखि कटुञ्जे धुसेनी सडकसंग जोडिएको दायाँ बायाँको जग्गा | २०००००० | ३००००० | १००००० |
| ७ | मेलम्ची डडुवा सुलिकोट घ्याङसम्मको सडक खण्डमा जोडिएको दायाँ बायाँको जग्गा | २०००००० | ३००००० | ५०००० |
| ८ | दनुवार शेरा फाँट हुँदै खानीगाउँ सेल्लेसम्मको सडकमा जोडिएको दायाँ बायाँको जग्गा | २०००००० | ३००००० | ५०००० |
| ९ | मेलम्ची न.पा. वडा नं. ११ का अन्य सबै भित्री शाखा सडकसंग जोडिएका दायाँ बायाँका जग्गा | १०००००० | ३००००० | ५०००० |
| १० | गोरेटो बाटोमा जोडिएका दायाँ बायाँको जग्गा | ५००००० | २००००० | ५०००० |

## बाटो नभएको अन्य सबै जग्गा

| क्र.सं. | वडा नं. | जग्गाको विवरण | प्रति रोपनी रु. |
|---|---|---|---|
| १ | मेनपा ११ | खेत | २००००० |
| २ | | बारी | १५०००० |
| ३ | | पाखो | ५०००० |

## वडा नं.१२

| क्र.सं. | जग्गाको विवरण | प्रति रोपनी दर रु. | | |
|---|---|---|---|---|
| | | घडेरी योग्य | खेती योग्य | पाखो |
| १ | हेलम्बु राजमार्ग सडकसंग जोडिएका दायाँ बायाँको जग्गाहरु | ७०००००० | २०००००० | ५००००० |
| २ | बाहुनेपाटी पाटीभञ्ज्याङ्ग लोकमार्ग सडकसंग जोडिएका दायाँ बायाँको जग्गा | ५०००००० | १५००००० | ४००००० |
| ३ | सिन्धुखोला गिराञ्चौर भोटेचौर सडकसंग जोडिएका दायाँ बायाँको जग्गा | २५००००० | ५०००००० | ३००००० |

| | | | | |
|---|---|---|---|---|
| ४ | बाहुनेपाटी थाक्ले धुसेनीचौर सडकको दायाँ बायाँको जग्गा | २५००००० | ५००००० | ३००००० |
| ५ | ढकालखहरे ढकालथोक डडुवा सडकको दायाँ बायाँको जग्गा | २५००००० | ५००००० | ३००००० |
| ६ | अमलेडाँडा शिवशंकरेश्वर प्रा.वि. थाक्ले सडकको दायाँ बायाँको जग्गा | २०००००० | ५००००० | ३००००० |
| ७ | एक्ले बेंसी चाँपाबोट थाक्ले मोटर बाटोको दायाँ बायाँको जग्गा | १८००००० | ५००००० | ३००००० |
| ८ | शाखा मोटरबाटो सडकको दायाँ बायाँको जग्गा | १२००००० | ४००००० | २००००० |
| ९ | गोरेटो बाटोसंग जोडिएको दायाँ बायाँको जग्गा | ३००००० | २००००० | १००००० |

**बाटो नभएको अन्य सबै जग्गा**

| क्र.सं. | वडा नं. | जग्गाको विवरण | प्रति रोपनी रु. |
|---|---|---|---|
| १ | मेनपा १२ | खेत | ३००००० |
| २ | | बारी | २००००० |
| ३ | | पाखो | १००००० |

## वडा नं. १३

| क्र.सं. | जग्गाको विवरण | प्रति रोपनी दर रु. | | |
|---|---|---|---|---|
| | | घडेरी योग्य | खेती योग्य | पाखो |
| १ | हेलम्बु राजमार्गको सिपाघाट फट्केश्वर सडकखण्डको दायाँ बायाँ जोडिएको जग्गा | ६००००००० | २००००००० | १००००००० |
| २ | फटकेश्वर छाप भन्जयाङ सडक खण्डको दायाँ बायाँ जोडिएको जग्गा | २५०००००० | ८०००००० | ५०००००० |
| ३ | सिपाघाट पँधेराचौर सडक खण्डको दायाँ बायाँ जाडिएको जग्गा | १८०००००० | ५०००००० | २०००००० |
| ४ | फट्केश्वर पँधेराचौर ठाँटी छापभञ्याङ्ग सडक खण्डसंग जोडिएको दायाँ बायाँ जग्गा | १८०००००० | ५०००००० | २०००००० |
| ५ | फट्केश्वर पब्लिक छापभञ्याङ्ग सडक खण्डसंग जोडिएको दायाँ बायाँको जग्गा | १८०००००० | ५०००००० | २०००००० |
| ६ | नगर चक्रपथ सडकको दायाँ बायाँको जग्गा | १८०००००० | ५०००००० | २०००००० |
| ७ | वडा भित्रका शाखा बाटोसंग जोडिएका दायाँ बायाँको जग्गा | १०००००००० | ३०००००० | १०००००० |

| | | | | |
|---|---|---|---|---|
| ८ | गोरेटो बाटो, राज कुलो बाटो र चलनचल्तीको बाटोसंग जोडिएका दायाँ बायाँको जग्गा | १०००००० | ३००००० | १००००० |

**बाटो नभएको अन्य सबै जग्गा**

| क्र.सं. | वडा नं. | जग्गाको विवरण | प्रति रोपनी रु. |
|---|---|---|---|
| १ | मेनपा १३ | खेत | १५०००० |
| २ | | बारी | १००००० |
| ३ | | पाखो | ५०००० |

## अनुसूची - ३
## (दफा २ को उपदफा (४) संग सम्वन्धित)
## घरको ह्रास कट्टी दर

| क्र.सं. | बनोटको किसिम | ह्रासकट्टी दर |
|---|---|---|
| १ | आर.सि.सि. फ्रेम स्टक्चर भएको भवन वा गोदाम | वार्षिक १.५ प्रतिशतका दरले ६० बर्ष सम्म |
| २ | सिमेण्ट वा माटोको जोडाईमा ईट्टा वा ढुङ्गाको गारो भई आर.सि.सि. छाना भएको भवन वा गोदाम | वार्षिक २ प्रतिशतका दरले ४५ बर्ष सम्म |
| ३ | सिमेन्ट वा माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो जस्ता/टायलको छाना भवन वा गोदाम | वार्षिक ३ प्रतिशतका दरले ३० बर्ष सम्म |
| ४ | प्रि फ्याब तथा जस्ताले बनेको भित्ता र टिनको छाना | वार्षिक ५ प्रतिशतका दरले १८ वर्ष सम्म |
| ५ | जस्ता वा टायलको छाना भएको सेड | वार्षिक ५ प्रतिशतका दरले १८ वर्ष सम्म |
| ६ | कच्ची छाना भएको | वार्षिक १० प्रतिशतका दरले ९ बर्ष सम्म |

# अनुसूची–४
## दफा (३) को उपदफा (२) संग सम्बन्धित
## भूमिकर ( मालपोत ) को दर

**भूमिकर (मालपोत) :**

सम्पत्ति कर प्रयोजनको लागि निर्धारण गरिएको न्यूनतम जग्गाको मूल्याङ्कन दरलाई नै भूमिकर (मालपोत) प्रयोजनको लागि समेत प्रयोग गरिने छ ।

| क्र.सं. | सम्पत्तिको मूल्य रु.मा | | लाग्ने कर रु.मा |
|---|---|---|---|
| | देखि | सम्म | |
| १ | १ देखि | ५0000 | १0 |
| २ | १ देखि | १00000 | २0 |
| ३ | १ देखि | ५00000 | ३0 |
| ४ | १ देखि | १000000 | ६0 |
| ५ | १ देखि | २000000 | ८0 |
| ६ | १ देखि | ३000000 | १५0 |
| ७ | १ देखि | ४000000 | २00 |
| ८ | १ देखि | ५000000 | २५0 |
| ९ | १ देखि | १0000000 | ३५0 |
| १0 | १ देखि | ५0000000 | ७00 |
| ११ | १ देखि | १00000000 | १000 |
| १२ | १ देखि | २00000000 | १५00 |
| १३ | ५00000000 देखि माथि | | ३000 |

# अनुसूची – ५

## दफा (४) को उपदफा (२) सँग सम्बन्धित

## घरजग्गा बहाल कर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५७ बमोजिम मेलम्ची नगरपालिका क्षेत्र भित्र निम्न अनुसार घर जग्गा बहाल कर लगाइनेछ।

| क्र.सं. | विवरण | प्रयोजन | रकम |
|---|---|---|---|
| १ | नगर क्षेत्र भित्रका भवन तथा घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड, कारखाना, जग्गा, पोखरी आदि । | (क)संघ/संस्था, कार्यालय, उद्योग | १० % |
| | | (ख) अन्य व्यवसाय | ७ % |
| | | (ग) आवास प्रयोजनको लागि | ३ % |
| | | (घ) कृषि प्रयोजनको लागि | २ % |

# अनुसूची–६

## दफा (५) को उपदफा (३) सँग सम्बन्धित

## व्यवसाय कर

नगरपालिका क्षेत्रभित्र कुनै पनि किसिमको व्यापार तथा व्यवसाय गर्नेले नगरपालिकाबाट व्यवसाय ईजाजत पत्र लिई वार्षिक रुपमा नवीकरण गर्नु पर्नेछ । व्यवसाय दर्ता तथा नवीकरण गर्दा लाग्ने व्यवसाय करको दर देहाय बमोजिम रहेको छ :

| क्र.सं. | व्यवसायिक वस्तुको कारोवार रकम विवरण | वार्षिक कर रु.मा |
|---|---|---|
| १ | **मदिरा, सूर्तीजन्य वस्तु र पेय पदार्थको उत्पादक** | |
| | रु. १ देखि माथि १० लाख सम्म | ५००० |
| | रु. १ देखि माथि ३० लाखसम्म | ७००० |
| | रु. १ देखि माथि ५० लाखसम्म | ८००० |

| | | |
|---|---|---|
| | रु. १ देखि माथि १ करोडसम्म | १०००० |
| | रु. १ देखि माथि ५ करोड सम्म | १५००० |
| | रु. १ देखि माथि ५० करोड सम्म | २५००० |
| २ | **चुरोट, मदिरा थोक बिक्रेताको बिक्री** | |
| | रु. १ देखि माथि ५ लाख सम्म | ५००० |
| | रु. १ देखि माथि १० लाख सम्म | ६५०० |
| | रु. १ देखि माथि २० लाख सम्म | ८००० |
| | रु. १ देखि माथि ५० लाख सम्म | १०००० |
| | रु. १ देखि माथि १ करोड सम्म | १५००० |
| | रु. १ देखि माथि १० करोड सम्म | २०००० |
| ३ | **चुरोट, मदिरा खुद्रा विक्री** | |
| | रु. १ देखि माथि ३ लाख सम्म | ३००० |
| | रु. १ देखि माथि ५ लाख सम्म | ४००० |
| | रु. १ देखि माथि १० लाख सम्म | ५००० |
| | रु. १ देखि माथि २० लाख सम्म | ८००० |
| | रु. १ देखि माथि ५० लाख सम्म | १०००० |
| ४ | **सुन चाँदी तथा गहना बनाउने पसल (ज्वेलरी)** | |
| | रु. १ देखि माथि १० लाख सम्म | ३००० |
| | रु. १ देखि माथि २० लाख सम्म | ४००० |
| | रु. १ देखि माथि ३० लाख सम्म | ५००० |
| | रु. १ देखि माथि ५० लाख सम्म | ८००० |
| | रु. १ देखि माथि १ करोड सम्म | १०००० |
| | रु. १ देखि माथि १० करोड सम्म | १५००० |
| **५** | **भिडियो, क्यासेट, रेकर्डर तथा प्लेयर टेलिभिजन, फ्रिज, वाशिङमेशिन, कम्प्यूटर, ल्यापटप, मोबाइल, विघुत सामान, क्यामेरा, टेलिभिजन, रेडियो आदिको थोक तथा खुद्रा बिक्री गर्ने** | |

| | | |
|---|---|---|
| | रु. १ देखि माथि १० लाख सम्म | ३००० |
| | रु. १ देखि माथि २० लाख सम्म | ३५०० |
| | रु. १ देखि माथि ५० लाख सम्म | ४००० |
| | रु. १ देखि माथि २ करोड सम्म | ५००० |
| ६ | **निर्माण सामग्री (हार्डवेयर पसल)** | |
| | रु. १ देखि माथि ५ लाखसम्म पूँजी भएको रड सिमेन्ट नभएको सामान्य हार्डवेयर पसल | ३००० |
| | रु. १ देखि माथि १० लाख सम्म | ३५०० |
| | रु. १ देखि माथि २० लाख सम्म | ४००० |
| | रु. १ देखि माथि ३० लाख सम्म | ५००० |
| | रु. १ देखि माथि ५० लाख सम्म | १०००० |
| | रु. १ देखि माथि १ करोडसम्म | १५००० |
| | रु. १ देखि माथि १० करोडसम्म | २०००० |
| ७ | **कार्पेट पर्दा अन्य फर्निशिङ्ग पसल** | |
| | रु. १ देखि माथि ५ लाखसम्म | ३००० |
| | रु. १ देखि माथि १० लाख सम्म | ३५०० |
| | रु. १ देखि माथि २० लाख सम्म | ५००० |
| | रु. १ देखि माथि १ करोड सम्म | ७००० |
| ८ | **पेट्रोलियम पदार्थको आयल स्टोर वा डिपो आयल निगमको दर्ता प्रमाणपत्रको पुँजीको आधारमा** | |
| | रु. १ देखि माथि ५ लाख सम्म | ३००० |
| | रु. १ देखि माथि १० लाख सम्म | ३५०० |
| | रु. १ देखि माथि २० लाख सम्म | ५००० |
| | रु. १ देखि माथि ५० लाख सम्म | ८००० |
| | रु. १ देखि माथि १ करोड सम्म | १५००० |
| | रु. १ देखि माथि १० करोड सम्म | २०००० |

| | | |
|---|---|---|
| ९ | **दैनिक उपभोग्य खाद्यान्न किराना पसल ,ग्याँस पसल, तरकारी, फलफूल** | |
| | रु. १ देखि माथि ३ लाख सम्म | १००० |
| | रु. १ देखि माथि ५ लाख सम्म | २००० |
| | रु. १ देखि माथि १० लाख सम्म | ३००० |
| | रु. १ देखि माथि २० लाख सम्म | ४००० |
| | रु. १ देखि माथि १ करोड सम्म | ५००० |
| १० | **साधारण चिया, कफी, खाना, खाजा नास्ता, दूध डेरी, मिठाई पसल, आईसक्रिम, चटपटे, पानीपुरी, पार्लर आदि** | |
| | रु. १ देखि माथि ३ लाख सम्म | १५०० |
| | रु. १ देखि माथि ५ लाख सम्म | २५०० |
| | रु. १ देखि माथि १० लाख सम्म | ३००० |
| | रु. १ देखि माथि २० लाख सम्म | ४००० |
| | रु. १ देखि माथि १ करोड सम्म | ५००० |
| ११ | **कपडा पसल, रेडिमेड कपडा फेन्सी र जुत्ता** | |
| | रु. १ देखि माथि ५ लाख सम्म | २००० |
| | रु. १ देखि माथि १० लाख सम्म | ३००० |
| | रु. १ देखि माथि २० लाख सम्म | ५००० |
| | रु. १ देखि माथि ५० लाख सम्म | ७५०० |
| | रु. १ देखि माथि १ करोड सम्म | १०००० |
| १२ | **सवारी साधन बिक्रेता (सोरुम)** | |
| | हलुका सवारी साधन | २०००० |
| | दुई पाँङग्रे सवारी साधन इन्जिन जडित | १०००० |
| १३ | **व्यवसायीले कुनै सामानको डिलर राखी बिक्री वितरण गरेमा र कूनै सामानको थोक पसल राखेमा वा बजारमा सामान विक्री विवतरण गर्ने व्यवसाय** | |

| | | |
|---|---|---|
| | रु. १ देखि १० लाख सम्म | ४००० |
| | रु. १ देखि माथि २० लाख सम्म | ५००० |
| | रु. १ देखि माथि ४० लाख सम्म | ८००० |
| | रु. १ देखि माथि ६० लाख सम्म | १०००० |
| | रु. १ देखि माथि रु.१ करोडसम्म | १५००० |
| | रु. १ देखि माथि रु.१० करोडसम्म | २०००० |
